
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ७ गते बिहीबार ❑ 22 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पोखरामा संचालनमा आएको करिब ६ महिनापछि पोखरा अन्तराष्ट्रिय विमानस्थलमा (चार्टर्ड) अन्तराष्ट्रिय हवाई उडान भएसंगै पोखरा आएका चिनिया पर्यटकलाई स्वागत गरिएको छ।

यही असार ८ र ९ गते पोखरामा आयोजना हुने 'ड्रागन बोट रेस फेस्टिभल' मा सहभागि हुन चार्टर्ड मार्फत पोखरा आउनु भएको खेलाडी सहितका पाहुनाहरुको लागि पोखरामा पन्चे बाजा सहित बुधबार स्वागत गरिएको हो ।

पोखराअन्तराष्ट्रियविमानस्थलमा (चार्टर्ड) अन्तराष्ट्रिय हवाई उडान भएसंगै यसलाई अब नियमित रुपमा अन्तराष्ट्रिय हवाई उडान संचालन गर्न माग समेत गरिएको छ । बुधबार पोखरा अन्तराष्ट्रिय विमानस्थलाम आयोजित एक समारोहमा वक्ताहरुले पोखरामा चार्टर्ड मार्फत सफल परिक्षण भएसंगै अब चाइनाको विभिन्न शहरहरुसंगको समन्वयमा पोखरामा अन्तराष्ट्रिय रुपमा नियमित उडान गर्नु पर्ने पोखरेलीहरुले माग गर्नु भएको छ । गत पुस १७ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट उद्घघाटन गर्नु भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालसम्म अन्तराष्ट्रिय हवाई फ्लाइट नभएको हुँदा यदि चिनीया विमान आउनु नै पोखराको लागि ठुलो उपलब्धि हुने भएको पोखरेलीले बताए । पोखरामा कोरोना पछि



चिनिया पर्यटक घटेको सन्दर्भमा पोखरामा चाइनाबाट पहिलो अन्तराष्ट्रिय हवाई उडान हुनुले पोखरामा अन्तर्राष्ट्रिय हवाई उडानको लागि बाटो खुलेको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । पोखरामा अन्तराष्ट्रिय हवाई उडान भएको खण्डमा पोखरा र पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन हुने उहाँले बताउनु भयो। उक्त कार्यक्रमलाई निरन्तरता दिदै चिन र पोखरा बिचको हवाई उडान नियमित रुपमा संचालन गरेको खण्डमा पोखरामा चिनिया पर्यटक आगमनमा बृद्धि हुने उहाँले दाबी गर्नु भयो।

फेष्टिभलमा सहभागि हुन चाइनाबाट एक टोली चाइनाको छेन्दुबाट ए ३१९ नम्बर सिचुवाङ एयरलायन्स कम्पनीको जहाज करिब २ घण्टा ५८ मिनेटमा आएको हो । चाइनाको समय अनुसार बिहान ८:१३ बजे नेपाली समय बिहान ६:०२ बजे उडेको विमान पोखरा अन्तराष्ट्रिय विमानस्थलको पूर्वबाट पचिम तर्फ अवतरण गरेको हो । १ सय ३१ सिटे उक्त जहाजमा चालक दलका १२ जना र ८४ जना यात्रु सहीत ९६ जना सवार हुनु भएको थियो । चीनको एक्जिम बैंकले २१ करोड ७० लाख अमेरिकी डलर अर्थात नेपाली करिव २२ अर्ब ऋण सहयोगमा विमानस्थल निमार्ण गरेको हो ।

नेपाल पर्यटन बोर्ड, नेपाल स्थित चिनीयाँ दुतावास र पोखरा महानगरपालिकको आयोजना तथा पोखरा पर्यटन परिषद र चाइना ओभरसीज एशोसिएसनको सहआयोजना एवं होटल एशोसिएशन नेपाल (हान), नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज (नारा), नेपाल राफ्टिङ एण्ड क्यानोइड एशोसियशन तथा अन्य संस्थाहरुसँगको सहकार्यमा नेपाल-चीन फ्रेन्डसीप डागन बेट रेस फेस्टिभलमा आठ टिम बिच प्रतिस्पर्धा हुने भएको हो ।

नेपाल र चीनबीच रही आएको सांस्कृतिक तथा जनस्तरको सम्बन्ध सुमधर बनाउन तथा नेपालमा चिनियाँ पर्यटक बढाउने उदेश्यले सहित फेस्टिभल आयोजना गर्न लागेको जिनले जनाएको छ । नेपालमा आयोजना गर्न लागिएको यो फेस्टिवन दक्षिण एशियामै पहिलो पटक आयोजना हुन लागेको दाबी गरिएको छ । प्रतियोगिताका लागि चीनबाट केरुङ नाका हुँदै आठ वटा विशेष खालकाबोट जेठ तेस्रो साता पोखरा ल्याई पोखरामा सफल परिक्षण भएको छ । फेस्टिभलमा नेपालका सातैवटै प्रदेश र चीनका गरी १२० जना प्रतियोगीहरु सहभागी हुनेछन् । बोट रेशमा २ सय र ५ सय मिटरमा गरी दुइटा सेगमेन्टमा ८ वटा बोट रेश हुनेछ । विजेतालाई नगद, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । परस्कारको लागि नगद ३० लाख खर्च हुनेछ । रेश सगै दुवै देशका सांस्कृतिक प्रस्तुति र खाद्य प्रदर्शनी समेत गरिने भएको छ । यसैगरी राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले एक देखि डेढ महिना भित्र पोखरामा नियमित रुपमा अन्तराष्ट्रिय हवाई उडान गर्न निर्देशन दिनु भएको छ । आर्टर्ड मार्फत सुरुको उडान भएको खुसि मान्दै गर्दा यसलाई नियमित नगरी पुनः ६ महिना पछि अर्को चार्टर्ड गरेर मात्र यस क्षेत्रको विकास नहुने उहाँले बताउदै यसलाई नियमित रुपमा हवाई उडान गर्न सरोकारवाला निकायलाई निर्देशन दिनु भएको हो । पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्नुका साथै पोखरा विमानस्थलको ऋण तिर्न पनि अब सरोकारवाला निकाय तथा जिम्मेवार पदमा रहेका व्यक्तिहरुलाई एक देखि डेढ महिना भित्र अन्तराष्ट्रिय हवाई उडान गर्ने वातावरण सृजना गर्नुपर्ने उहाँको भनाई थियो ।

चिनिया टोलीसंगै चिनबाट पोखरा आउनु भएको अध्यक्ष तिमिल्सिनाले पोखरामा अब नियमित रुपमा चिनका विभिन्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## योग शिविरमा बालबालिकादेखि जेष्ठ नागरिकसम्म सहभागी

पोखरापत्र संवाददाता
पोखरा, ६ असार



भारतीय दूतावासको समन्वयमा पोखरा महानगरपालिकाको स्थानीय व्यवस्थापन र योग तथा पर्यटन सम्बद्ध विभिन्न संस्थाहरूको सहकार्यमा बुधबार पोखरामा आयोजना भएको विशेष योग शिविरमा वालवालिकादेखि जेष्ठ नागरिकको सहभागिता रहेको थियो।

अन्तर्राष्ट्रिय योग दिवस २०२३ को अवसरमा पोखरा रंगशालामा बुधबार सम्पन्न भएको अन्तराष्ट्रिय योग शिविरमा योगले मानिसको शारीरिक, मानसिक, भावनात्मक पक्षलाई सन्तुलनमा राख्न सहयोग गर्ने टिप्स समेत बताइएको थियो।

उक्त शिविरमा बोल्दै संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री सुदन किराँतीले पोखरामा पर्यटन सहित योग पर्यटनको सम्भावना भएको बताउनु भयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थबाट अब भारतका विभिन्न शहरहरुमा सिधा हवाई सेवा संचालन गर्न सके दुबै देशको धार्मिक एवं योग पर्यटनको प्रबर्द्धन हुने मन्त्री किराँतीले बताउनु भयो।

उहाँले भन्नु भयो "भारत र भारत सरकारको तर्फबाट पोखरामा अन्तराष्ट्रिय हवाई उडान संचालन गरी हाम्रो उद्धेश्यमा साथ मिल्छ भन्ने हामीले विश्वास लिएका छौं ।" पोखराबाट भारतका विभिन्न क्षेत्रिय शहरहरुमा उडान भर्न सक्ने कुरा व्यापक सम्भावना रहेको उल्लेख गर्दै मन्त्री किराँतीले पोखराबाट पट्ना, भारतको चडन्डीगण, गोरखपुर र सिलगुडी विमानस्थलहरुमा उडान भर्न सके थप दुबै देशको सांस्कृति, सामाजिक र आर्थिक सम्बन्ध प्रगाढ हुने दाबी गर्नुभयो।

इतिहासमा पनि भारत र चिनको व्यापारीक ठुलो नाका रहेको स्मरण गर्नु भयो। मन्त्री किराँतीले भारत र चिनको नाका बराबरी दुरीमा रहेको पोखरामा योग दीवस मनाई रहँदा यसले पोखरामा योग पर्यटनको सम्भावनालाई उजागर गरेको बताउनु भयो। कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले योग हाम्रो पूर्वीय दर्शन संस्कृतिमा निकै महत्वपूर्ण साधानाको रुपमा रहेको दाबी गर्नु भयो।

मानसिक तनाव व्यबस्थापन, दुःख र कष्टको लागि भोगेको बाटो असिमित इच्छा र आकांक्षाले भौतारिएको मानव जातिको लागि शान्तिको बाटोको रुपमा योगलाई ग्रहण गरेको उहाँले दाबी गर्नु भयो।

भारतीय राजदूत नवीन श्रीवास्तवले पोखरामा आउदो बर्ष पुनः पोखरामै उक्त योग दिवस मनाउन सकिने बताउनु भयो। स्थानिय पोखरा महानगर, प्रदेश र संघिय सरकारको साथ र सहयोग भएको अबस्थामा उक्त कार्यक्रमलाई पोखरामा निरन्तर गर्न सकिने उहाँको भनाई थियो।

## योगका माध्यमबाट नेपाललाई अगाडि बढाउनुपर्छ : अध्यक्ष ओली

रासस
काठमाडौं, ६ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले योगका माध्यमबाट पछाडि परेको नेपाललाई अगाडि बढाउन अग्रसर हुनुपर्ने बताउनुभएको छ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा बुधबार अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा यहाँ आयोजित कार्यक्रममा उहाँले ज्ञान र योगको जन्मभूमि तथा जैविकताभूमि नेपाल पछाडि परेकाले योगको माध्यमबाट अगाडि बढाउनुपर्ने बताउनुभयो।

अध्यक्ष ओलीले नेपालमा विस्तार योग विलिन भएर गएको भन्दै योगमा फेरि जागरण आएको र उत्थान गरेर अगाडि लैजान आवश्यक रहेको बताउनुभयो। नेपालको अहिलेको स्थितिलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गाँजाबाट औषधि उत्पादनदेखि निर्यातसम्म गरौं: प्रदेश सांसद केसी

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

गण्डकी प्रदेशसभा सदस्य प्रकाशबहादुर केसीले स्टन्टबाजी र सार्वजनिक खपतका लागि गाँजाको कुरा नगर्न आग्रह गरेका छन् । गण्डकी प्रदेशको आर्थिक वर्ष २०८०–८१ को बजेटमाथिको छलफलमा भाग लिँदै उनले गाँजा खेतीबाट समृद्धिको सपना खोज्न सकिने औंल्याए।

सांसद केसी भन्छन्, 'जे कुरा पनि धेरै र मात्रा नमिलाई खाँदा विष हुन्छ। गाँजाबाट आयुर्वेदिक औषधिदेखि कपडासम्म बनाउन सकिन्छ । जतिसक्दो छिटो गाँजाबाट औषधी उत्पादनदेखि निर्यातसम्मको वातावरण बनाऔं ।' उनले विदेशबाट आयात हुने मदिराको बजार हिस्सा ठूलो रहेको जनाउँदै नेपाली उत्पादन घरेलु मदिराको अनुसन्धान व्यापारिकण गर्न सके अर्थतन्त्रमा टेवा पुग्ने उल्लेख गरे। गण्डकी प्रदेश प्रहरी कार्यालयले आर्थिक वर्ष २०७७–०७८ देखि २०७९–०८० मा प्रदेशका ११ जिल्लामा गरी ११ लाख ६ हजार ५१२ वटा गाँजाका बोट नष्ट गरिएको जनाएको छ । त्यस्तै,



आर्थिक वर्ष २०७६–०७७ देखि २०७८–०७९ सम्म २७ हजार ५ सय ५७ लिटर तयारी घरेलु मदिरा र ३९ हजार ९५० लिटर मदिरा बनाउने कच्चा पदार्थ प्रहरीले नष्ट गरेको तथ्यांक छ। संघ सरकार र गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमदेखि बजेटसम्म गाँजाको औषधीजन्य प्रयोगका लागि अध्ययन गर्ने उल्लेख छ। प्रदेश सरकारले घरेलु मदिराको गुणस्तर वृद्धि र ब्रान्डिङ गर्ने प्रस्ताव गरेको छ। सदनमा सांसद केसीले भने, 'यी दुई विषयमा प्रदेश सरकार बोलेको सार्वजनिक खपतका लागि हो वा साँच्चै यसमा गम्भीर भएर लाग्ने हो रु गाँजाको औषधिजन्य प्रयोग र घरेलु मदिराको ब्रान्डिङका लागि प्रदेश सरकारको योजना के छ ?'

आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले ३५ अर्ब ९० करोड ९० लाख रुपैयाँको बजेट ल्याएको छ । उनले आगामी वर्ष पनि लक्ष्य गरेको राजस्व उठाउन कठिन हुने जनाए। केसीले प्रदेश सरकारले सम्भावनाभन्दा बढी राजस्वको लक्ष्य राखेको दाबी गरे। 'विदेशी गाडीसँग नाकामा दस्तुर उठाउने, सिमेन्ट उद्योगसँग वातावरण कर उठाउने, राइड सेयरिङलाई दर्ता प्रक्रियामा ल्याएर राजस्व उठाउने प्रदेश सरकारको लक्ष्य देखिन्छ । राइड सेयरिङको दर्ता र नवीकरणबाट त ठूलो पैसा आउँदैन । विदेशी गाडी र उद्योगसँग कर लिने निर्णय कार्यान्वयन हुन सक्छ रु,' केसीले भने, 'देशको नाकामा पनि शुल्क तिर्ने, प्रदेश छिर्दा पनि पैसा तिर्नुपर्ने भएपछि पर्यटकको आवागमनमै प्रभाव पर्ने पो हो कि ?' नेपालमै प्रदेशले खोलेको पहिलो विश्विद्यालयको बजेट कटौति भएकोमा उनले चिन्ता जनाए। आविष्कार केन्द्रसमेत खोलेको गण्डकी विश्वविद्यालय प्रदेशको गौरव भएको जनाउँदै उनले प्रश्न गरे, 'यही संस्थाको शैक्षिक, भौतिक विकासमा मलजल गर्न प्रदेश सरकार किन अघि नबढेको होला रु किन ९ करोड रूपैयाँ बजेट काटिएको हो ?' चालु आर्थिक वर्ष २०७९/०८० मा विश्वविद्यालयले २४ करोड पाएको थियो। आगामी वर्षलाई १५ करोड छुट्याइएको छ। प्रदेश सरकारले अब विश्वविद्यालय नै चाहिँदैन भन्ने मानसिकता बोकेको हो कि भनी प्रश्न गरे । उनले विश्वविद्यालयको अनुदान घटाउने आफ्नो निर्णय तत्काल सच्याउन अनुरोधसमेत गरे। एमाले सांसद केसीले प्रदेशसभा भवन बनाउन आवश्यक बजेट व्यवस्था नभएकोमा पनि असन्तुष्टि जनाए। 'कहिलेसम्म प्रदेश सभा भवनलाई पूर्णता दिने लक्ष्य हो रु यही कार्यकालमा नयाँ भवनमा बस्न पाइन्छ कि पाईदैन,' उनले भने।

नगर विकास प्रशिक्षण केन्द्र रहेको २०४९ सालमा बनेको भवनमा अहिले गण्डकी प्रदेशसभा चलिरहेको छ । प्रदेश सभाको पहिलो कार्यकालमा आफ्नै भवन बनाउन नसकेको गण्डकीले यो कार्यकालमा पनि भवन नबनाउने हो भने प्रदेश संरचनामाथि भोलि अर्को प्रश्न थपिने उनको भनाइ छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## पोखरामा...

प्रान्तबाट हवाई उडान गर्न चार्टर्ड हवाई उडानले बाटो खुलेको बताउनु भयो। पोखरामा अन्तराष्ट्रिय हवाई उडान गर्न कानूनी समस्या भएको खण्डमा आफुहरुले सहजीकरण गर्न तयार रहेको अध्यक्ष तिमिल्सिनाले बताउनु भयो । पोखरामा अन्तराष्ट्रिय हवाई उडान गर्न सके मात्र गण्डकी प्रदेश र प्रदेशको राजधानि पोखराको पर्यटन प्रबर्द्धन हुने उहाँले विश्वास व्यक्त गर्नू भयो। चिनिया नाकामा भन्सार कार्यालय स्थापना गर्नुपर्ने अध्यक्ष तिमिल्सिनाको भनाई थियो । अन्तराष्ट्रिय हवाई उडानको लागि आवश्यक पूर्वाधार निर्माण सहित पर्यटकहरु नेपाल आउने उपयुक्त वातवरण सृजना गर्न नसके दिगो रुपमा हवाई उडान गर्न नसकिने अध्यक्ष तिमिल्सिनाले दाबी गर्नु भयो।

यसैबिच, संस्कृति पर्यटन तथा नागरकि उड्डयनमन्त्री सुदन किराँतीले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रियि उडान सुरु गर्नु पहिलो कदम भएको बताउनु भयो । अब यसलाई निरन्तरता दीन आवश्यक रहेको उहाँको भनाई थियो । उहाँले भन्नु भयो, "नेपाल र चीनबीचको सम्बन्ध सगरमाथा जस्तै अग्लो छ, विश्वको सर्वोच्च शिखर सगरमाथा वश्विकै सबै भन्दा अग्लो सिमाना हो, अनौठो कुरा यो हो की प्राकृतिक मिमाना जती अग्लो छ, त्योभन्दा अग्लो हामी दुई देश बीचको सम्बन्ध छ।"

पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भए पनि आन्तरिक उडान हुन नसकेकोमा अबस्थामा आज अन्तराष्ट्रिय विमान अवतरण हुनुले पोखराको मात्र नभइ समग्र गण्डकी प्रदेशकै पर्यटकीय विकासका लागी सफल सुरुवात भएको गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बताउनु भयो । पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्न चिनिया सरकारले खेलेको सकारात्मक पहलको उच्च सम्मान गर्दै विमानस्थल निर्माण देखि अहिले सम्म अहोरात्र खटिएर यो अवस्थामा ल्याइ पुर्याउन सहयोग गर्नु हुने सबैमा उहाँले धन्यवाद दिनु भएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्थानिय तहबाट पोखरा महानगर, प्रदेश सरकार, संघिय सरकार र सारोकारवाला निकाय र विभिन्न एयरलायइन्स कम्पनीहरुको संयुक्त प्रयासले अब पोखरामा नियमित रुपमा अन्तराष्ट्रिय हवाई उडनको लागि पहल गर्नु बताउनु भयो। मित्र राष्ट्रहरुबाट पोखरामा अन्तराष्ट्रिय सिधा हवाई उडान गर्न उहाँले आव्हान गर्नु भयो। चिनिया पर्यटकहरुलाई प्रदेश राजधानि पोखरामा स्वागत गर्दै पोखरा र चिनको हवाई मार्गबाट जोडेर यस क्षेत्रको पर्यटन प्रबर्द्धन हुने उहाँले विश्वास व्यक्त गर्नु भयो। सबैको प्रयासबाट पोखरा विमानस्थललाई अन्तिम बिन्दुमा पुर्‍याउन सकिने मुख्यमन्त्री पाण्डले बताउनु भयो।

पोखराका मेयर धनराज आचार्यले पोखरामा पहिलो पटक हुने बोट रेसलाई आगामी बर्ष पनि निरन्तर रुपमा आयोजना गर्न सके पोखरा र चाइना बिचको पर्यटन प्रबर्द्धन गर्ने अर्को गतिलो माध्यम हुने बताउनु भयो। नेपाल स्थित चिनिया राजदुत वाङ सिनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनेको बताउनु भयो । नेपाली पक्षले बीआरआई अन्तर्गत कुनै पनि परियोजनामा सम्झौता नभएको दाबी गरिएको छ। पोखरामा अन्ततः ढिलै भए पनि आफुहरुले अन्तर्राष्ट्रिय उडानको सफल अवतरण गरेको नेपालका लागि चिनियाँ राजदूत छन सोङले बताउनु भयो।

## दुर्घटनामा एकको मृत्यु

रासस
दमौली, ६ असार

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटमा आज भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

मुग्लिनबाट लमजुङतर्फ जाँदै गरेको ना ६ ख ३०१६ नम्बरको ट्रकलाई बा ७० प ९४७४ नम्बरको मोटरसाइकलले ओभरटेक गर्ने क्रममा ट्रकसँग ठोक्किएर एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

मृत्यु हुनेमा मोटरसाइकलमा सवार लमजुङको सुन्दरबजार नगरपालिका-९ बस्ने ५८ वर्षीय चन्द्रबहादुर गुरुङ रहेको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकल चालक आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोक घर भई हाल काठमाडौ बूढानीलकण्ठ नगरपालिका-३ बस्ने ५५ वर्षीय राजु गुरुङ घाइते भएका छन्। उनलाई आँबुखैरेनी अस्पताल उपचारका लागि पठाइएको छ।




चिनियाँ पर्यटकको स्वागतमा आयोजित कार्यक्रममा सहभागी पाहुना : पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार चिनियाँ पर्यटकको स्वागतमा आयोजित कार्यक्रममा सहभागी पाहुना। तस्बिर : ऋषिराम बराल/रासस

## घार्मीमा भुमे पूजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

परम्परागत रूपमा गरिदै आएको ऐतिहासिक भुमे पू जा पोखरा महानगरपालिका वडा नं १९, घार्मीमा सम्पन्न भएको छ।

२२ से २४से राजाकै पालादेखि चल्दै आएको भुमे पूजा बर्षको दुई पटक गर्ने परम्परा रहेको पुजा संचालन समितिका अध्यक्ष बलराम पौडेलले जानकारी दिनुभयो। मुख्य वाली धान लगाउने बेला र धान भित्र्याउने वेलामा भुमे देवताको पूजा आजा गरी वलि दिने प्रचलन रहेको बताइन्छ। अन्न उत्पादनमा कुनै विघ्न बाधा नपरोस भन्ने भनाई समेत रहेको छ। भुमे पुज्ने तिखेढुङ्गा सामुदायिक वन भित्र रहेको पुजा स्थलमा साविकको लामाचौर गा वि स वडा नं ६, ७, ८ र ९ नम्वरका ब्राह्मण तथा जनजातिले सामुहिक रूपमा पुजा गरेका हुन्। वैदिक विधिपूर्वक गरिने पुजामा पुरूष मात्रै सहभागी हुने प्रचलन रहेको



छ। भुमे देवताको मुल पुजा गर्नु अघि सवैले चोखो मिति गरि विहान आ-आफ्ना अगेर तथा भारतको पूजा गर्ने चलन रहेको बताइन्छ। पूजा स्थल व्यवस्थित नहुँदा पुजामा सहभागी हुनेहरुलाई भने प्रत्येक वर्ष सास्ती खेप्नुपरेको अध्यक्ष पौडेलले बताउनुभयो। वर्षायाममा रूझैरै पूजा सम्पन्न गर्नुपर्ने समस्या विगतवाटै स्थानीयले भोग्नु परेको छ।

## बागलुङ दुर्घटनामा मृत्यु हुनेको पहिचान खुल्यो

पोखरापत्र संवाददाता
बागलुङ, ६ असार

बागलुङमा बुधबार बिहान जीप दुर्घटना हुँदा ज्यान गुमाएका दुई जनाको पहिचान खुलेको छ।

जिल्लाको गलकोटदेखि बागलुङ बजारतर्फ आउँदै गरेको ग १ च ९४८५ नम्बरको जीप काठेखोला गाउँपालिका-५ ठुलढुङ्गामा दुर्घटना भएको थियो। दुर्घटनामा जीप चालक पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गाका २९ वर्षीय राजेन्द्र माझी र जीपमा सवार जैमिनी नगरपालिका-१० राङ्खानीका ३६ वर्षीया दुर्गा पौडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी मदन केसीले जानकारी दिनुभयो । उहाँका अनुसार दुवैको घटनास्थलमै मृत्यु भएको थियो। जीप मध्यपहाडी लोकमार्गदेखि पाँच सय मिटर तल खसेको सूचना अधिकारी केसीले बताउनुभयो । जीप सडकभन्दा धेरै तल खसेकाले कति यात्रु सवार थिए भन्ने अहिलेसम्म एकीन हुन नसकेको उहाँले जानकारी दिनुभयो।

"कस्मेटिक सामानको मार्केटिङ गर्ने गाडी रहेकाले अन्य यात्रु गाडीमा नभएको पनि हुन सक्छ", केसीले भन्नुभयो। अहिले प्रहरी घटनास्थलमा पुगेर उद्धार गरी शव परीक्षणका लागि बागलुङ बजारस्थित धौलागिरि अस्पतालमा ल्याउने तयारी भइरहेको उहाँले बताउनुभयो।

**रक्तदान जीवनदान जीवनदान महादान**

## योगका...

परिवर्तन गर्नका लागि सङ्कल्प, तपस्या र ध्यान आवश्यक रहेको बताउनुभयो। "बिना सङ्कल्प, बिना तपसया, बिना ध्यान मुलुकलाई परिवर्तन गर्न सकिँदैन", उहाँले भन्नुभयो, "सङ्कल्प, ध्यान र तपसया गरेपछि विचार आउँछ र सोही विचारले मुलुकलाई परिवर्तन गर्नुपर्दछ।"

अध्यक्ष ओलीले योगको विकास नेपालमा भएकाले योगको भूमि नेपाल रहेको बताउनुभयो। उहाँले योग जीवन स्वास्थ्यका लागि आवश्यक रहेको भन्दै योगको सैद्धान्तिक र व्यावहारिक पक्षको पनि अभ्यास गर्न आग्रह गर्नुभयो।

मानव जीवनलाई सुखी बनाउने कुरामा गौतम बुद्ध, जैन, ऋषिमुनिले चिन्तन गर्दै गएको र अन्त्यमा पतञ्जलिले योगलाई अगाडि सार्ने काम गरेको उहाँको भनाइ थियो। अध्यक्ष ओलीले शिष्य, गुरु बनाउने तथा शिक्षा र ज्ञानको प्रारम्भ योगबाट नै भएको बताउनुभयो।

उहाँले पुराना मन्दिरमा पनि योग देखिने गरेको बताउनुभयो । "योग दर्शनमा महिलालाई सर्वव्यापी भनेको छ। पुरुषचाँहि स्थिर भनेको छ। योगमा महिलाको स्थान र महत्त्वलाई धेरै माथि राखिएको छ", उहाँले भन्नुभयो। उहाँले स्वस्थ हुनका लागि उपयुक्त आसन रप्रायाणममा अभ्यास गर्नुपर्ने बताउनुभयो। योगले जता तान्छ त्यतैतिर जानुपर्दछ भन्दै आचरण एकातिर योग अर्कोतिर गर्न नहुने उहाँको भनाइ थियो।

## जीवनोपार्जनका लागि सिलाइ मेसिन हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पोखरा महानगरपालिका १३ नं. वडा कार्यालय कुँडहरले सिपमुलक तथा जीवनोपार्जनका लागि १६ जनालाई सिलाई मेसिन हस्तान्तरण गरेको छ।

वडा अध्यक्ष किरण बरालले सिपले मानिसलाई आत्मनिर्भर बनाउने हँदा जीवनोपार्जनका लागि सिलाई मेसिन हस्तान्तरण गरेको बताए । वडाभित्रका



नागरिकका हातमा सिप भयो भने नै क्षमता विकाससँगै आम्दानीको स्रोत बढ्छ । स्थानीय नागरिकसँग हामी भन्ने वाचालाई पूरा गर्न बरालले यो अभियान चलाएका जनाए।

**स्तनपान: बालबालिकालाई वरदान**

◆ आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
◆ आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
◆ स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
◆ बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन।
त्यसैले बालबालिकालाई स्तनपान गराऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# स्थानीय तहको लागि गाइड

काठमाडौं महानगरपालिकाले पूर्व स्वीकृतिबिना संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम मार्फत् आउने योजना कार्यान्वयन गर्न नदिने भएको छ । महानगरका प्रमुख बालेन्द्र शाहले बुधबार २०८०/०८१ को नीति तथा कार्यक्रम पेश गर्दै संघ र प्रदेशबाट आउने यस्ता कार्यक्रममा महानगरको पूर्व सहमति र समन्वय अनिवार्य हुने उल्लेख गरेका छन । संघीयताको वकालत गर्नेहरु नै स्थानीय सरकारको अस्तीत्व स्वीकार गर्न नसक्दा संसदीय क्षेत्र विकास कार्यक्रमको विरोध भएको हो।नागरिक समाज र संघीयताका पक्षपातीहरु सांसद क्षेत्र विकास कार्यक्रम खारेजको पक्षमा छन ।

स्थानीय तहको माग र आवश्यकता भन्दा सांसदहरुको दबावमा ल्याइएको कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको सहमति चाहिन्छ भन्नू उचित हो । जुन स्थानीय तहमा कार्यक्रम गर्न खोजेको छ त्यहाँको स्वीकार्यता जरुरी हुन्छ । योजना चयनमा स्थनीयको सहभागिता नभै खल्तीबाट बाँडेका योजना मिलाएर खाने गरेको जनगुनासा आएका छन।काठमाण्डौ महानगरले ल्याएको कार्यक्रम स्थानीय तहले उठाएकै सवाल हो । विगतमा रोकिएको कार्यक्रम यरवर्षबाट सरकारले फेरी ल्याएपछि महानगरले त्यस्ता कार्यक्रममा आफ्नो भूमिका खोजेको छ । सांसदहरुले मनलाग्दी छनौट गरेको अवस्थामा मान्य नहुने मेयर शाहले पेस गरेको नीति तथा कार्यक्रममा सामयिक छ ।

संघ तथा प्रदेशबाट प्राप्त हुने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम महानगरपालिकाको पूर्व सहमति एवं समन्वय बिना छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन नगरिनेव्यवस्था गरिनेछ' नीति तथा कार्यक्रम अन्य महागर र नगरका लागि पनि निहुँ खोज्ने औजार हो । काठमाण्डौ महानगरले शिक्षा र स्वास्थ्यमा जोड दिने गरेको छ। सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नियमित स्वास्थ्य परीक्षण सेवा सञ्चालनगर्न एक विद्यालय एक नर्स र विद्यालयमा मनोसामाजिक परामर्शको लागि एक विद्यालय एक सामाजिक सहजकर्ता परिचालन गर्ने कार्यक्रम सञ्चालन गने उल्लेख छ ।

त्यस्तै साथै संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच भए नभएको अनुगमन गरिनेछ । सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेवल मेशिन एवं विद्यार्थीहरुका लागि लकरको व्यवस्था गर्ने पनि उल्लेख छ । आधारभूत स्वास्थ्य र शिक्षामा स्थानीय सरकारको जवाफदेहीतालाई ख्याल गर्न पनि काठमाण्डौबाट सिक्न जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हवाई भाडा घट्यो

**रासस**
काठमाडौं, ६ असार

नेपाल आयल निगमले हवाई इन्धनको भाउ घटाएसँगै हवाई यात्राको भाडा पनि घटेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान)ले आज हवाई यात्राको भाडा घटाएको हो । क्यानका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार सबैभन्दा धेरै विराटनगर-नेपालगञ्ज रुटको भाडा रु पाँच सय ४० ले घटेको छ भने सबैभन्दा कम काठमाडौँ-सिमराको भाडा रु ९० ले घटेको छ । यसैगरी काठमाडौँ-भद्रपुरको रु तीन सय, काठमाडौँ-विराटनगरको रु दुई सय ४०, काठमाडौँ-धनगढीको रु चार सय ४५, काठमाडौँ-नेपालगञ्जको रु तीन सय २५, काठमाडौँ-भैरहवाको रु दुई सय १० र काठमाडौँ-सुर्खेतको भाडा रु तीन सय ४५ ले घटेको छ।

मङ्गलबार नेपाल आयल निगमले हवाई इन्धनको भाउ प्रतिलिटर रु १० ले कम गरेको थियो ।

# नेपाल कुवेतसँग पराजित

**रासस**
काठमाडौं, ६ असार

दक्षिण एशियाली फुटबलको सबभन्दा ठूलो प्रतियोगिता १४औँ पुरुष साफ च्याम्पियनसिपको आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ।

भारतको काँतीराव स्टेडियममा बुधबार भएको उद्घाटन खेलमा नेपाल कुवेतसँग १-३ गोल अन्तरले पराजित भएको हो । कुवेतको जितमा कप्तान खालिद हाजिह, शाबैब अल्खाल्दी र मोहमद अब्दुल्लाहले एक/एक गोल गरे ।

यता नेपालका लागि भने अन्जन विष्टले एक गोल फर्काए । खेलको २३औँ मिनेटमा कप्तान खालिदले हेडरमार्फत गोल गदै कुवेतलाई सुरुआती अग्रता दिलाएका थिए । त्यस्तै खेलको ४२औँ मिनेटमा शाबैबले गोल गर्दै कुवेतलाई २-० को अग्रता दिलाए । खेलको ६५औँ मिनेटमा मोहमदले पेनाल्टीमार्फत गोल गर्दै कुवेतलाई ३-० को अग्रता दिलाए । नेपालका डिफेन्डर अनन्त तामाङले पेनाल्टी बक्सभित्र ह्याण्डबल गरेपछि कुवेतले पेनाल्टीको अवसर पाएको हो ।

त्यसपछि खेलको ६८औँ मिनेटमा नेपालका खेलाडी अन्जनले गोल गरे पनि नेपाल पराजित भयो । यस जितसँगै कुवेतले ३ अङ्क जोडेको छ । साफ च्याम्पियनसिपमा विभिन्न आठ राष्ट्रको सहभागिता रहेको छ । जसमा नेपालसहित आयोजक भारत, बङ्गलादेश, कुवेत, लेबनान, भूटान, पाकिस्तान र माल्दिभ्स छन् । अब नेपालले दोस्रो खेल शनिबार आयोजक भारतसँग खेल्नेछ।


## एउटै व्यक्ति भएको सूचना



गोरखा जिल्ला सिरानचोक गाउँपालिका वडा नं. २ निवासी भारतीय सेनाको सैनिक नं. 5346462Y 2/4 GR का DHAN BAHADUR THAPA (नेपाली ना.प्र.प. मा धन बहादुर भण्डारी) को र निजको श्रीमतीको यस कार्यलयबाट जारी नेपाली नागरिकता प्रमाणपत्रमा र निजको भारतीय सेवा अभिलेखमा नामथर फरक परे तापनि तपसिल बमोजिमको नामथर भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी मिति २०८०/०३/०५ गते धन बहादुर भण्डारीले यस कार्यालयमा निवेदन दिनुभएको साथै सिरानचोक गाउँपालिका २ नं., वडा कार्यालयको च.नं. १५०१ र १५०२, मिति २०८०/०२/२३ गतेको पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा प्रमाणित गरिएको छ। सो सम्बन्धमा तहाँको नियमानुसार गरि दिनुहुन अनुरोध छ।

तपसिल

| क्र.सं. | नागरिकतामा भएको नामथर, | भारतीय सेवा अभिलेखमा भएको नामथर | नाता |
|---|---|---|---|
| १. | धनबहादुर भण्डारी | DHAN BAHADUR THAPA | पेन्सनर |
| २. | मीनाकुमारी भण्डारी बस्नेत | MINA KUMARI THAPA | श्रीमती |



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं २१ स्थित बक्रेक कात्तिके सडक निर्माण निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : बक्रेक कात्तिके सडक स्तरउन्नती**
**ठेगानाः पोखरा-२१, कास्की**
**योजना सम्झौता मिति : २०८०/२/२ गते**
**योजना सुरु भएको मिति : २०८०/२/२ गते**
**योजना सम्पन्न हुने मिति : २०८०/२/३२ गते**
**योजनाको कुल लागत : रु.२२,३६,०००/-**
**पूर्वाधार बिकास कार्यालय कास्कीकाट प्राप्त : २०,००,०००/-**
**उपभोक्ता समितिबाट : रु.२,३६,०००/-**
**उपभोक्ता समितिका अध्यक्ष : खिम बहादुर थापा**
**सम्पर्क नम्बर ९८४६९०५०८९**
**जम्मा सदस्य संख्याः ७ जना, महिला सदस्यः ४ जना**

**बक्रेक कात्तिके सडक निर्माण उपभोक्ता समिति पोखरा-२१, कास्की**


# समृद्धिका लागि 'किसान चौतारी जोतौँ खेतबारी' अभियान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असार

म्याग्दीको मालिका गाउँपालिकाले कृषि क्षेत्रलाई व्यावसायिक बनाउन र स्थानीयवासीको आयआर्जनमा सुधार ल्याउन 'किसान चौतारी जोतौँ खेतबारी अभियान' सञ्चालन गर्ने भएको छ।

मङ्गलबार दरवाङमा आयोजित गाउँसभाको १३औँ अधिवेशनबाट पारित आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा बाँझो जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहनका लागि उक्त कार्यक्रम ल्याउन लागिएको जानकारी गराइएको हो ।

सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले बसाइँसराइ र वैदेशिक रोजगारका कारण गाउँमा खेतीयोग्य जमिन बाँझो रहन थालेपछि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा स्थानीय सम्भावनाको खोजी र उजागरका विषय नीति तथा कार्यक्रमको प्राथमिकतामा परेको बताउनुभयो । मालिकाले 'खाऔँ आफ्नो बारीको नखाऔँ सीमापारिको' भन्ने नाराका साथ उच्च मूल्यका फलफूल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरेर व्यावसायिक कृषि कार्यक्रमसमेत सञ्चालन गर्ने भएको छ । कृषि उपजको आयात प्रतिस्थापन गर्न र स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुर्‍याउने कार्यक्रमलाई गाउँपालिकाले प्राथमिकतामा राख्ने अध्यक्ष गर्बुजाले बताउनुभयो । गाउँपालिकाले 'युवाको ऊर्जा मालिकाको औजार' कार्यक्रमअन्तर्गत बाँझो जग्गा सदुपयोगका लागि तालिम, औजार, उपकरण र प्रविधि हस्तान्तरणसँगै सामुदायिक विद्यालयहरूको दिवा खाजामा रैथाने उत्पादनलाई प्राथमिकता दिने जनाएको छ। वैदेशिक रोजगारबाट फर्केका युवाले आर्जन गरेको ज्ञान, सीप र पुँजीलाई सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि प्रोत्साहन गर्ने नीति लिएको मालिका गाउँपालिकाले स्थानीय रक्सीको रूपमा परिचित घरेलु मदिरालाई ब्राण्डिङ गर्न र गाँजाखेतीको सम्भाव्यता अध्ययन र अनुसन्धान गर्ने भएको छ। गाउँपालिकाले भाँगो, टुसा, निउरो, टिमुर, सिस्नो, कोदो, उवा, जौँ, फापरलगायतका स्थानीय उत्पादनको प्रोत्साहन र बाण्डिङमा समेत सघाउने भएको छ । आन्तरिक आम्दानीको स्रोतको पहिचान गर्ने नीति लिएको मालिकाले करको दर घटाएर दायरा फराकिलो बनाउने नीति तय गरेको छ। पालिकाभित्र रहेका असङ्गीत क्षेत्रका मजदुरको तथ्याङ्क सङ्कलन तथा अभिलेख गर्ने, विपन्न परिवार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको पहिचान गरी परिचयपत्र वितरण गने, ग्रामीण सडकलाई स्तरोन्नति गर्ने, पर्यटकीय क्षेत्रको प्रवर्द्धन र कला संस्कृतिको संरक्षण गर्ने विषयलाई नीति तथा कार्यक्रममा समेटिएको छ । नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने नीति लिएको मालिकाले मिर्गौला, मुटु, उच्च रक्तचाप, मधुमेहलगायतका रोगको निःशुलक जाँच र उपचारको प्रबन्ध मिलाउने जनाएको छ।

मालिकाको गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई सर्वसम्मतरूपमा पारित गरिएको छ । त्यस्तै गाउँसभामा उपाध्यक्ष लक्ष्मी घर्ती पुनले पेस गर्नुभएको आर्थिक विधेयक २०८०, विनियोजन विधेयक २०८०, सहकारी विधेयक, न्यायिकसम्बन्धी कार्यविधि व्यवस्थित गर्न बनेको विधेयक पनि पारित भएको छ।

नीति तथा कार्यक्रममा सामाजिक विकासअन्तर्गत शिक्षा, स्वास्थ्य, संस्कृति, खेलकुद, लैङ्गिक समानता, आर्थिक विकास, उद्योग तथा पर्यटन विकास, कृषि तथा पशुपक्षी, सहकारी, सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास, खानेपानी तथा सरसफाइ, वातावरण तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापनलगायतका क्षेत्र प्राथमिकता साथ समावेश भएका छन् ।

गाउँपालिकाले भौतिक पूर्वाधार विकासतर्फ सहरी योजना, बस्ती विकास, आवास तथा पूर्वाधारलाई प्राथमिकतामा राखेको छ । पालिकाले जीवनोपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गने नीति लिएको छ। पालिकालाई खुला बहुसांस्कृतिक र मगर सङ्ग्रहालयको रूपमा विकास गर्न पूर्वाधार निर्माण गर्ने, युवालाई विदेश होइन, विजनेस भन्ने भावनाको जागृत तुल्याई स्वरोजगार बनाउने नीति लिइएको छ।

पालिकाले औद्योगिक प्रदर्शनीस्थलको सम्भाव्यता अध्ययन गरी निर्माणकार्य अघि बढाउने, गाउँपालिकाभित्रका पर्यटकीयस्थललाई जोड्नका लागि पर्यटकीय सडक सञ्जाल कार्यान्वयन गर्ने नीति पालिकाले लिने भएको छ । कार्यक्रममा अध्यक्ष गर्बुजाले सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने सङ्कल्पअनुसार समस्त गाउँपालिकावासीको आवश्यकता र चाहनालाई ध्यानमा राखी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तयार गरिएको बताउनुभयो।

कार्यक्रममा वडाअध्यक्षहरू मोतीप्रसाद पुन, टङ्क पुन र उदयकुमार बुढाथोकीले पालिकाले ल्याएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनय गर्दै अघि बढेमा पालिकालाई विकसित र समृद्ध बनाउन सकिने बताउनुभयो । आव २०८०/८१ को बजेट भने आगामी असार १० गते प्रस्तुत गर्ने कार्यक्रम तय भएको प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले जानकारी दिनुभयो।

# एसइईको नतिजा सार्वजनिक गर्न चाहने संघ संस्थालाई आवेदन माग

**रासस**
काठमाडौं, ६ असार

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक गर्न चाहने सङ्घ संस्थाबाट आवेदन माग गरेको छ।

बोर्डको कार्यालयले बुधबार एक सूचना प्रकाशित गरी माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई २०७९) को नतिजासम्बन्धी विवरण परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरी एसएमएस, आइभिआर वा वेबसाइटबाट सार्वजनिक गर्न इच्छुक संस्थाले आफूले दिन चाहेको सेवाको विवरण कार्यालयबाट तोकिएको शर्तको अधीनमा रही यही असार १२ गतेभित्र आवेदन दिन आग्रह गरेको छ।

एसएमएसबाट सूचना दिनका लागि रु ४० हजार, वेबसाइटबाट नतिजा प्रकाशनका लागि रु २० हजार, एसएमएस र वेबसाइट सेवाका लागि रु ६० हजार, एसएमएस, आइभीआर र वेबसाइट सेवाका लागि रु एक लाख राजस्व बुझाउनुपने कार्यालयद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ । बोर्डले परीक्षा प्रकाशित गरेपछि मात्रै नतिजासम्बन्धी विवरण उनीहरूलाई प्रदान गरिने र सोही आधारमा प्रकाशन गर्नुपर्ने जनाइएको छ । यसैगरी नतिजासम्बन्धी जानकारी दिने कार्य नतिजा प्रकाशन भएको मितिले ३१ औँ दिनबाट अनिवार्य बन्द गर्नुपर्ने जनाइएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ स्थित काहुँखोला करीडोर सडक (काहुँखोल दुई कुलाको मुहान) आर.सि.सि. ढलान, कल्भर्ट सुरक्षा बार समेतको निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः काहुँखोला करीडोर सडक (काहुँखोला दुईकुलाको मुहान)**
**स्थानः पोखरा-१३, कास्की**
**योजना सम्झौता मितिः २०७९/१२/०६ गते**
**योजना सुरु मितिः २०७९/१२/०७ गते**
**योजना सम्पन्न मितिः २०८०/०२/२४ गते**
**योजनाको कुल लागत : रु. ५८,८२,३५२.९४ ।-**
**पोखरा म.न.पा.बाट प्राप्त हुने रकम : रु.५०,००,००० ।-**
**जनसहभागिताबाटः रु ८,८२,३५२.९४।-**
**उपभोक्ता समितिका अध्यक्षः बुद्धि बहादुर बराल**
**उपाध्यक्षः राम कुमारी पौडेल, सचिवः अर्जुन श्रेष्ठ, कोषाध्यक्षः ईश्वरी बराल, सदस्यः सूर्यबहादुर कार्की, शान्ति सिग्देल, राधाकृष्ण, देवकोटा र गोविन्द प्रसाद पौडेल**
**सल्लाहकार तथा अनुगमन समितिः टो.अ.स. ईन्द्र बहादुर कुँवर सदस्यः रमेश कुमार झा, सदस्यः गणेश प्रसाद आचार्य**

**काहुँखोला करिडोर सडक निर्माण उपभोक्ता समिति काहुँखोला पोखरा-१३, कास्की**

# सृजना मा.वि.मा योग प्रशिक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

पो.म.न.पा वडा नं. ८ मा अवस्थित सृजना आवासीय माध्यमिक विद्यालयमा युवा रेडक्रस सर्कल, सृजना आ.मा.वि.को आयोजना र विद्यालयको व्यवस्थानमा विश्व योग दिवसको अवसरमा योग प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

राधकृष्ण योग केन्द्र, पोखरा-८, को सभाहलमा सम्पन्न उक्त कार्यक्रममा कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरु सहभागी भएका थिए । मानिसको दैनिक जीवनमा योगको आवश्यकता र महत्वको बारेमा विद्यार्थीहरुलाई बुझाउने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको कुरा विद्यालय निर्देशक सीता पाण्डेले बताउनुभयो।



कार्यक्रमको प्रशिक्षकको रुपमा शंकर पोखेल, सुजता पोखेल, दिक्षा लम्साल, विष्णु गुरुङ, सोनापुरी लगायत रहनुभएको थियो भने कार्यक्रमको संचालन विद्यालयका शिक्षक नायक रीता आचार्यले गर्नुभएको थियो।

# वैदेशिक रोजगारीले फेरियो म्याग्दीको पुरन्य गाउँ

**– तारानाथ आचार्य**
म्याग्दी, ६ असार

म्याग्दीको बेनी नगरपालिका-५ पुरन्यको बस्तीमा एक सय तीन घर रहेको दलित बस्तीमा एउटा मात्र पानीको कुवा थियो।

टाढा-टाढाका गाउँमा पुगेर दैनिक ज्याला मजदुरी गरी ल्याएको अन्नले बिहानबेलुकीको छाक टार्नुपर्दथ्यो । गरिबीको मारमा पिल्सिएका त्यहाँका दलित दैनिक ज्याला मजदुरीका लागि टाढाटाढाका गाउँमा जानुपर्ने बाध्यता थियो । गरिबीबाट वाक्कदिक्क भएर २०६७ सालमा पुरन्यका डिलबहादुर, रिजन, यामबहादुर लगायतका कैयौं युवा खाडी मुलुक पसे । कतार,साउदी,युएई पसेका ती युवाको मेहनतले सार्थकता पाउन थाल्यो । उनीहरूले पैसा कमाएर घरमा रहेका आफन्तलाई पठाउन थाले। अनि फेरियो पुरन्य गाउँको मुहार । घरमा आर्कषक टिभी, गोठमा दुहुनो भैंसी र बैंकमा पैसा, अनि सहरमा घर घडेरी केही वर्ष अगाडिसम्म पुरुन्नेका दलित समुदायलाई सपना जस्तै लाग्ने यो अवस्था अहिले उनीहरूले नै भोग्न पाएका छन् । आर्थिक अवस्था कमजोर भएकै कारण दैनिक ज्याला मजदुरी गरेर घरखर्च चलाउने गरेका पुरुन्नेका दलितको दैनिकीमा अहिले पत्याउनै नसकिने किसीमले परिवर्तन आएको छ । गाउँबाट धमाधम वैदेशिक रोजगारमा जानेको लर्को लाग्न थालेपछि पुरुन्नेवासीको हातमा मोबाइल, घरमा महँगो टिभी, श्रीमती र सुनको सिक्री, औंठी र सहर बजारमा घरघडेरी समेत छन्। पुरन्यका यामबहादुर दर्जीले दिएको जानकारी अनुसार १०३ घरपरिवार रहेको पुरन्यको दलित बस्तीबाट अहिले एकाध बाहेक सबै घरका युवा विदेशमा गएका छन् । आर्थिक अवस्था अत्यन्त कमजोर भएपछि छिमेकीको घरमा भाडा, दैनिक मजदुरी गरेर गाँस जुटाउने गरेका यहाँका दलित परिवार घरका उमेर पुगेका भाइ छोरालाई ऋण खोजेर विदेश पठाएको केही वर्षमै गाउँमा आफ्नै घरसहित आधुनिक सुविधा उपभोग गरिरहेका छन्।

गाउँघरमा ज्याला मजदुरी गरेर दिन बिताउने गरेका यहाँका युवा विदेश गएर धमाधम 'रेमिट्यान्स'मार्फत पैसा पठाउन थालेपछि पुरुन्नेमा व्यक्तिगत आर्थिक जीवनस्तरका साथै सरसफाइ, जीवनशैली, जनचेतना र अन्य व्यवहारमा समेत परिवर्तन आएको गाउँका अगुवा यामबहादुर दर्जीले बताउनुभयो। पुरुन्नेका अधिकांश घरबाट खाडीमूलुक कतार, साउदी अरब, बराइन, मलेसिया, भारतलगायतका देशमा गएपछि गाउँको रुप फेरिएको छ। आर्थिकस्तरमा परिवर्तन भएसँगै सरसफाइसहित जनचेतनामूलक कार्यमासमेत गाउँले सक्रिय रहेका छन्। पुरुन्नेमा मासिक रु ३० लाख बढी रेमिट्यान्स बापतको रकम भित्रिने गरेको स्थानीयवासीले बताएका छन् । आर्थिकस्तरमा परिवर्तन भएपछि सरसफाइ, नयाँ प्रविधिको प्रयोग, शिक्षादिक्षामासमेत सहज भएको छ। बालबालिकाले समेत निजी तथा गाउँकै सामुदायिक विद्यालयमा समेत उत्कृष्ट अङ्क ल्याउन सफल भएका छन् । महिलाले गाउँमा फेन्सी, सिलाइकटाइ, खुद्रा पसलसहित विभिन्न स्वरोजगारमूलक काम गरिरहेका छन् । त्यसैगरी केही युवाले वैदेशिक रोजगारबाट कमाएको पैसाले पोखरामा घडेरी किनेर घर समेत बनाएका छन् । तीमध्येका एक युवा हुन् रिजन दर्जी। ४३ वर्षीय दर्जी विगत १३ वर्षदेखि युएईमा कार्यरत हुनुहुन्छ । उहाँले यो अवधिमा दुई छोरी, एक छोरा र श्रीमतीले चाहेको पुऱ्याइदिनुका साथै पोखरामा घडेरी किनेर घर समेत बनाउनुभएको बताइएको छ।

# मालिका गाउँपालिकाले घरेलु मदिराको 'ब्रान्डिङ' गर्ने

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असार

म्याग्दीको मालिका गाउँपालिकाले स्थानीय घरेलु रक्सीको 'ब्रान्डिङ' गर्ने नीति तथा कार्यक्रम बनाएको छ।

दरवाङको छ्यारछ्यारेमा मङ्गलबार सुरु भएको १३औं गाउँसभामा अध्यक्ष बेगप्रसाद गर्बुजाले घरेलु मदिरा ब्रान्डिङ गर्ने, बाँझो जमिनमा खेती गनेलाई अनुदान दिने लगायतका विषय समेटिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

अध्यक्ष गर्बुजाले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ । कोदो, जौ, उवा, जङ्गली फलफूल चुत्रे, औंसेलु, जानमान्द्रो प्रशोधन गरेर घरेलु मदिरा बनाउने व्यवसायलाई व्यवस्थित र आम्दानीको स्रोतका रूपमा विकास गने गाउँपालिकाको योजना छ। 'किसान चौतारी, जोतौं खेतबारी' कार्यक्रम सञ्चालन गरी बाँझो जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहन, कृषि औजार खरिदमा किसानलाई अनुदान दिने, विद्यालयको दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनलाई प्राथमिकता दिने, गाँजो खेतीको सम्भाव्यता अध्ययन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ।

शिक्षा, स्वास्थ्य, संस्कृति, खेलकुद, लैङ्गिक समानता, आर्थिक विकास, उद्योग तथा पर्यटन विकास, कृषि तथा पशुपक्षी, सहकारी, सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास, खानेपानी तथा सरसफाइ, वातावरण तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापन लगायतका क्षेत्र प्राथमिकता साथ समावेश भएका छन्। गाउँपालिकाले भौतिक पूर्वाधार विकासतर्फ सहरी योजना, बस्ती विकास, आवास तथा पूर्वाधारलाई प्राथमिकतामा राखेको छ । जीवन उपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गर्ने नीति लिएको छ।

खुल्ला बहुसांस्कृतिक र मगर सङ्ग्रहालयका रूपमा विकास गर्न पूर्वाधार निर्माण गने, युवालाई विदेश होइन विजनेस भन्ने भावनाको जागृत तुल्याई स्वरोजगार बनाउने, मिर्गौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगहरूको निःशुल्क जाँच र उपचारको व्यवस्था मिलाउने नीति लिएको छ । पालिकाले औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाउने, गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूलाई जोड्नका लागि पर्यटकीय सडक सञ्जाल कार्यान्वयन प्रारम्भ गर्ने जनाएको छ।

सडक, खानेपानी, सिँचाइतर्फ पर्याप्त योजनाहरू सञ्चालन गने भएको छ। कम विकसित क्षेत्रलाई मूल प्रवाहमा ल्याउन आयोजना बैंक तयार गरी सोही अनुसार बजेट विनियोजन गने नीति पालिकाले लिने भएको छ । अध्यक्ष गर्बुजाले सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने सङ्कल्पअनुसार समस्त गाउँपालिकावासीको आवश्यकता र चाहनालाई ध्यानमा राखी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तयार गरिएको बताउनुभयो।

गाउँसभामा उपाध्यक्ष लक्ष्मी घर्ति पुनले पेस गर्नुभएको आर्थिक विधेयक २०८०, विनियोजन विधेयक २०८०, सहकारी विधेयक, न्यायिकसम्बन्धी कार्यविधि व्यवस्थित गर्न बनेको विधेयक पनि पारित भएको छ। आर्थिक वर्ष २०८०/८१ को बजेट आगामी असार १० गते प्रस्तुत गर्ने कार्यक्रम तय भएको प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले बताउनुभयो।

# माछापालनबाट वार्षिक एक करोड ३० लाख आम्दानी

**रासस**
पर्वत, ६ असार

'सुन फल्छ नि साईलो दाइ यही माटो चलाए,
किन जानु साइलो दाइ हङकङ र मलाय'

आफ्नै माटोमा अथाहा सम्भावना नदेखेर दैनिक हजारौं युवायुवती पलायन भइरहेका बेला खोलामा बगेर खेर गइरहेको पानी सदुपयोग गरी यहाँका एक पूर्वजनप्रतिनिधिले रेन्वो ट्राउट माछापालन गर्दै आउनुभएको छ। पर्वतको मोदी गाउँपालिका-२ देउपुरका विकास तिमिल्सिनाले रेन्वो ट्राउट माछापालनबाट वार्षिक रू एक करोड ३० लाख आम्दानी गरिरहनुभएको छ।

एक्काइस वर्ष लामो प्रहरी सेवा र विसं २०७४ को स्थानीय तहको निर्वाचनमा मोदी-२ देउपुरको वडाध्यक्ष बनेर कार्यकाल सक्नुभएका तिमिल्सिनाले आफूसहित अन्य चार जना स्थानीयको सामूहिक लगानीमा रेन्बो ट्राउन फार्म सञ्चालन गर्नुभएको हो।

मोदी-५ बाजुङको टिमुरे स्थित पातीखोलाको मुहानमा झण्डै ३० रोपनी क्षेत्रफलमा रू तीन करोड लगानीमा सञ्चालित फार्मबाट वार्षिक रूपमा रू एक करोड ३० लाख भन्दा बढी आम्दानी हुने गरेको उहाँले बताउनुभयो । जनप्रतिनिधि बनेसँगै व्यवसायमा जोडिनुभएका तिमिल्सिनाको अहिले पूर्ण कार्यकाल माछापालनमा बित्ने गरेको छ। चारैतिर वन र दुईतिर खोलाकोबीच भागमा रहेको पातीखोला रेम्बो ट्राउट पालनका लागि उपयुक्त हावापानी भएको ठाउँ हो। पोखरा बागलुङ राजमार्गअन्तर्गत पातिचौर बजारबाट ४० मिनेटको दुरीमा पुग्न सकिने उहाँको फर्म जोकोहीका लागि मन लोभ्याउने केन्द्र बन्न पुगेको छ। फार्म यतिबेला विभिन्न क्लब, सङ्घ संस्था, विद्यालय तथा कलेजका विद्यार्थी एवं किसान अध्ययन तथा अवलोकनका लागि आउने गरेका तिमिल्सिनाले बताउनुभयो । "फार्ममा उत्पादित ट्राउट माछा पोखरा, काठमाडौंलगायत सहरका माछा पारखीलाई पुऱ्याउन भ्याइनभ्याई भएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार फार्ममा पाँच जनाले रोजगार पाएका छन्। फार्ममा वार्षिक सवा लाख माछा उत्पादनको क्षमता रहेको छ।

विसं २०७१ देखि सुरु भएको उक्त फार्म सुरुमा यामप्रसाद शर्मा लगायत व्यक्तिले सञ्चालन गर्नुभएको थियो । केही वर्षअघि आएको बाढीले फार्म पूर्णरूपमा क्षतिग्रस्त भएपछि नजिकै थप जग्गा व्यवस्थापन गरी विकास तिमिल्सिना, यामप्रसाद शर्मा, प्रेम पौडेल, राजेश शाही र राजु खड्का गरी पाँच जनाको सामूहिक लगानीमा पुनः नयाँ फार्म सञ्चालन गरिएको थियो। फर्म व्यवस्थापनको सबै जिम्मा तिमिल्सिनाले लिनुभएको छ।

फार्मबाट प्रतिवर्ष करिब रू एक करोड ३० लाख आम्दानी हुने गरेको छ भने झण्डै रू सवा करोडको हाराहारीमा खर्च हुने गरेको सञ्चालक शर्माले जानकारी दिनुभयो। अन्य समयमा फार्मबाट मनग्ये आम्दानी हुने गरेको सुनाउँदै उहाँले कोरनाकालमा धेरै दुःख र हैरानी झेल्नुपरेको बताउनुभयो । शर्माका अनुसार अस्थायी र स्थायी गरी कूल ३७ पोखरी छन् । "फार्म सञ्चालनका लागि सुरुमा तत्कालीन कृषि विकास कार्यालय पर्वतले प्राविधिक सहयोग उपलब्ध गराएको थियो। पछिल्लो समयमा कृषि ज्ञान केन्द्र पर्वतले केही प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ", उहाँले भन्नुभयो । केही महिनाअघि मात्रै मत्स्य विकास केन्द्रले फार्मको थप स्तरोन्नति गरी पोखरी निर्माणका लागि रू पाँच लाख सहयोग गरेको शर्माले जानकारी दिनुभयो । हाल रेम्बो ट्राउट माछा प्रतिकेजी रू एक हजारमा बिक्री हुने गरेको छ । "पोहोर-परारसम्म त होलसेलमै एघार/बाह्र सयसम्म पार्थ्यौ । विकास तिमिल्सिनाकी धर्मपत्नी सरस्वती भन्नुभयो, "दाना ल्याउन र माछा ढुवानी गर्न कच्ची बाटो भएकाले केही कठिन भएको छ । किसानका गफ गर्ने सरकारले यस्ता उद्यमीहरूलाई राहात हुने गरी कृषि सडकको स्तरोन्नति गरिदिए हुन्थ्यो।" फार्म दुई खोलाको बीचमा रहेकाले आवातजावत गर्न पुल नहुँदा काठको कच्ची पुल आफैले निर्माण गरी ओहोरदोहोर गर्नुपरेको उहाँको भनाइ थियो।

भारतीय बजारबाट सस्तो दरको माछा स्थानीय बजारमा सहजै आउने भएकाले बजारीकरणका लागि केही समस्या हुने गरेको तिमिल्सिनाको गुनासो छ। उहाँका अनुसार भारतीय बजारको माछा रू चार/पाँच सय केजी पाइन्छ। "हाम्रो स्थानीय उत्पादन स्वाद र गुणस्तरमा राम्रो भए पनि उपभोक्ता सबैले गुणस्तर नहेर्ने भएकाले समय-समयमा केही समस्या झेल्न परिरहेको छ", उहाँले भन्नुभयो।

तिमिल्सिनाले चोरी निकास भई भारतीय बजारबाट आउने माछाको गुणस्तरीयता मापन गर्न, उपभोक्ता प्रतिकूल हुने खालका माछा बिक्री वितरणमा रोक लगाउन तथा नागरिकको स्वास्थ्य जस्तो संवेदनशील विषयमा लापरवाही गर्नेलाई कडा निगरानी गर्न तीनै तहका सरकारकासँग माग गर्नुभयो।

"स्थानीय लोकल मोदीखोलाको माछाको स्वादमा पाइने भएकाले स्थानीयको रोजाइमा यहाँ उत्पादित माछा पर्ने गरेको छ", उहाँले भन्नुभयो । यहाँ उत्पादन हुने माछाको माग स्थानीय कुश्मा-बागलुङ बजारका साथै पोखरा, काठमाडौंलगायत क्षेत्रमा हुने गरेको उहाँको भनाइ थियो।



## ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८०/०३/०७)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको विवरण |
|---|---|---|
| १ | • गोविन्द सुवेदीको बुहारी ओम प्रसाद गौतमको छोरी लक्ष्मी प्रसाद सुवेदीको श्रीमती कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**ऋणी : चुनमाया सुवेदी**<br>• अग्निधर दाहालको बुहारी भानुभक्त अधिकारीको छोरी लीलाधर दाहालको श्रीमती कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १८ बस्ने<br>**धन जमानत : चुनमाया दाहाल**<br>• कर्णाखर सुवेदीको नाति गोविन्द सुवेदीको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**धन जमानत : लक्ष्मी प्रसाद सुवेदी** | **चुनमाया दाहाल र चुनमाया सुवेदी**को संयुक्त नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ४९९ क्षेत्रफल ०-७-२-० (रोपनी) र ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ५०० क्षेत्रफल ०-१५-२-० (रोपनी) को जग्गा । |
| २ | • नर बहादुर थापाको बुहारी लक्ष्मण थापाको छोरी राम बहादुर थापाको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**ऋणी : तारा थापा**<br>• बल बहादुर थापाको नाति नर बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : राम बहादुर थापा**<br>• नर बहादुर थापाको नाति राम बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : अर्जुन थापा** | **तारा थापा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको जामुने गा.वि.स. वडा नं. ९ सीट नं.९क कित्ता नं. २८५ को क्षेत्रफल २-०-०-० को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center: •Dulegaunda, Tanahun ☎ 065-4114490 •Bhandradhik, Kaski ☎ 061-561775 •Mohoriya, Kaski ☎ 061-560903